# आठबीस नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## राकमकर्णाली, दैलेख
## कर्णाली प्रदेश, नेपाल

**तेस्रो पटक प्रकाशित मिति २०७९/०८/०७**

**ढुङ्गा, गिट्टि तथा वालुवाको ठेक्का बन्दोबस्ती सम्बन्धी सूचना**

प्रस्तुत विषयमा यस आठबीस नगरपालिकाको कार्यालय राकमकर्णाली, दैलेखले आ.व. २०७९/०८० को लागि नगरपालिकाबाट स्वीकृत प्रारम्भिक वातावरणिय परिक्षण प्रतिवेदन तथा निम्न बमोजिम उल्लेखित शर्तहरुको अधिनमा रही ढुङ्गा, गिट्टी तथा वालुवा ठेक्का प्रक्रियाद्वारा बिक्रि वितरण गर्नुपर्ने भएकाले इच्छुक फर्महरुले तेस्रो पटक सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र शिलबन्दी बोलपत्र पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ।

१. इच्छुक फर्म वा कम्पनीले आफै वा आफ्नो अधिकार प्राप्त प्रतिनिधि मार्फत तोकिएको समय भित्र अध्याबधिक नविकरण गरिएको व्यवसाय दर्ताको प्रमाणपत्र, आ. व. २०७७/०७८ सम्मको कर चुक्ताको प्रमाणपत्र, मुल्य अभिबृद्दि करमा दर्ताको प्रमाणपत्र नियमानसारको तपसिलमा उल्लेखित शिलबन्दी बोलपत्र दस्तुर निवेदन साथ पेश गरेपछि यस कार्यालयबाट खरिद गर्न सकिनेछ।

२. उल्लेखित ठेक्काहरुको कर दस्तुर दररेट र शर्तहरु शिलबन्दी बोलपत्र फारममा सलग्न गरिनेछ। शिलबन्दी बोलपत्र फारम खरिद दस्तुर रु. ३०००।- को नेपाल ईन्भेष्टमेन्ट बैंक लि., डाँब शाखा, दैलेखमा रहेको आन्तरिक राजश्व खाता नं. ०६३०१४००२५००८५ जम्मा गरेको बैक भौचर वा कार्यालयमा नगद बुझाएको आम्दानी रसिद लिई आएमा कार्यालयबाट खरिद गर्न सकिनेछ।

३. आफुले चाहेको ठेक्का र कबोल गरेको ठेक्का रकम अंक र अक्षरमा स्पष्ट बुझिने गरी उल्लेख गर्नुपर्नेछ। शिलबन्दी बोलपत्र फारम साथ जमानत वापतको रकम यस नगरपालिकाको नाममा नेपाल ईन्भेष्टमेन्ट बैंक लि., डाँब शाखा, दैलेखमा रहेको धरौती खाता नं. ०६३०१४००२५००३० मा दाखिला गरेको सक्कलै भौचर वा कार्यालयको नाममा जारी भएको कम्तिमा ९० दिन म्याद भएको (बोलपत्र बुझाउने अन्तिम मिति देखी) बैंक ग्यारेन्टी विड वण्ड समेत समावेश गर्नुपर्नेछ ।

४. यस कार्यालयको छाप एवम् कार्यालय प्रमुख वा निजको जिम्मेवारी बहन गर्ने व्यक्तिको सहि छाँप नभएको शिलबन्दी बोलपत्र तथा म्याद नाघि वा रित नपुगि प्राप्त भएको शिलबन्दी बोलपत्र माथि कुनै कारबाही हुने छैन।प्राप्त शिलबन्दी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ।

५. शिलबन्दी बोलपत्र खोल्ने समयमा बोलपत्रदाता स्वंयम वा निजको प्रतिनिधि उपस्थित नभएका पनि शिलबन्दी बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।

६. शिलबन्दी बोलपत्र सम्बन्धि अन्य शर्तहरु बोलपत्र फारमा उल्लेख गरे बमोजिम हुनेछ।

७. अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित काननु बमोजिम हुनेछ।

८. शिलबन्दी बोलपत्र सम्बन्धी थप जानकारीको लागि कार्यालयको वेवसाइटः www.aathabismun.gov.np, इमेल: aathabismun@gmail.com. फोन ०८९६९०४७५ सुचना पार्टी मार्फत लिन सकिने छ।

**तपशिल**

| सि. नं. | ठेक्का नं. | शिर्षक | परिमाण (घ.मी.) | ठेक्का रकम रु. | ठेक्का फारम दस्तुर रु. | जमानत रकम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | ०२/२०७९/०८० | दहिखोला देखि राकमकर्णाली साई हुँदै टुनिवगर झोलुङ्गे पुल सम्म प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदनमा उल्लेख भए बमोजिम ढुङ्गा, गिट्टी वालुवाको ठेक्का बन्दोबस्त सम्बन्धी | २३६१५ | २५,००,०००।- | ३,०००।- | ६५,०००।- | |
| २. | ०३/२०७९/०८० | टुनिवगर झोलुङ्गे पुल देखि सिस्ने रामाघाट हुँदै चिनेखोला सम्म प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदनमा उल्लेख भए बमोजिम ढुङ्गा, गिट्टी वालुवाको ठेक्का बन्दोबस्त सम्बन्धी | ३३०६२ | ३५,००,०००।- | ३,०००।- | ९०,०००।- | |

आठबीस नगरपालिका दैलेख